नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौंको

## सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।०८।०२ को निर्णयानुसार पशु कल्याण विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्राप्त भएकोमा यस मन्त्रालय (सचिवस्तर) को मिति २०७९।०५।३० को निर्णयानुसार उक्त विधेयक तर्जुमाको मस्यौदा तयारीको लागि कार्य विवरण सहितको मन्त्रालयस्तरीय कार्यदल गठन भई मस्यौदा निर्माणको कार्य प्रारम्भ भएको र सो मस्यौदामा समावेश हुनुपर्ने व्यवस्थाहरूको सन्दर्भमा पशुपालक कृषक, व्यवसायी, सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, पेशागत संघ संगठन, सम्बन्धित सरकारी निकाय एवं सर्वसाधारणलाई मन्त्रालयमा लिखित रुपमा प्राप्त हुने गरी वा ahd@moald.gov.np वा lfdd@moald.gov.np मा तपसिलमा उल्लेख भएका क्षेत्रगत विषयमा राय सुझाव उपलब्ध गराईदिनुहुन अनुरोध छ।

**तपसिलः**

१ प्रस्तावना
२ संक्षिप्त नाम
३ पशु कल्याण सम्बन्धी व्यवस्था
- पशु कल्याणका आधारभूत पक्ष
- पशुलाई काममा लगाउन सकिने सम्बन्धी व्यवस्था
- सहचर तथा काममा प्रयोग हुने पशु (companion and working animals) सम्बन्धी व्यवस्था
- कान्जी हाउस सञ्चालन सम्बन्धी व्यवस्था
- ब्रिडिङ्ग फार्म र केनल क्लव सञ्चालन सम्बन्धी व्यवस्था
- पशु ढुवानी सम्बन्धी व्यवस्था
- निवृत्त पशु व्यवस्थापन
- पशुलाई अनुसन्धानमा प्रयोग गर्ने सम्बन्धी व्यवस्था आदि

४ पशुप्रति क्रुर एवं अमानवीय व्यवहार गरेको मानिने सम्बन्धी व्यवस्था
५ पशु कल्याण बोर्ड गठन सम्बन्धी व्यवस्था
६ पशु कल्याण निरीक्षण सम्बन्धी व्यवस्था
७ संघ, प्रदेश र स्थानीय तहहरूको अधिकार र समन्वय
८ कसुर र सजाय